# दलित र विपन्नका लागि रेड

■ कमल भण्डारी*, रमेश सुनाम** र सुनील परियार***

## विषय प्रवेश

वनको वरपर बस्ने समुदाय विशेषगरी दलित तथा विपन्न वर्गले वनको विनाशमा रोकथाम, संरक्षण र बृद्धि विकास गरी सञ्चितिमा बृद्धि गरेवापत पाउने क्षतिपूर्ति (रेड) बाट फाइदा लिन सक्लान् ? यो प्रश्न सदियौं वर्षदेखि वनको संरक्षणमा लागेका समुदायमा उब्जिएको छ ।

वनको वरपर बस्ने समुदायमा हावा विक्री गरेर पैसा आउँछ रे भन्ने हल्ला पुगेको छ । यस्तो कुरा सुन्न थालेको धेरै दिन भयो तर कहाँबाट कसले, कति, कसरी, कहिले दिने होला र त्यो नाप्ने आधार के हो ? विक्री कसरी गरिन्छ र किन्ने को हो ? यदि पैसा आयो भने गरिब तथा विपन्न वर्गले कसरी र केको रुपमा पाउँछन् ? अनगिन्ती प्रश्नहरु समुदायमा उठ्न थालेका छन् । केही सामुदायिक वन उपभोक्ता समूहले त विधान र कार्ययोजनामा रेडबाट पाउने फाइदालाई समेत उल्लेख गर्न थालेका छन् । सामुदायिक वनसम्बन्धी काम गर्ने कार्यकर्तालाई भेट्नासाथ यसबारे सोध्न पछि पर्दैनन् । एक जना उपभोक्ताले त यस्तो पनि भने "हामीले दुःख गरेर जोगाएको वनले कार्बन सञ्चिति गर्छ रे त्यसबापत विदेशी मुलुकबाट डलर आउने भएको छ भन्ने सुनिन्छ तर काठमाडौंका टाठाबाठाहरुले चिल्ला गाडी कुदाएर सबै सक्लान् है यो कुराको निगरानी गरिदिनुपर्‍यो" । वनको दाउरा, घाँस, स्याउला, सोत्तर, हलो, जुवा, गोल आदि वन पैदावारलाई जीविकाको प्रमुख आधार बनाएका व्यक्तिहरुले सजिलोगरी यी स्रोत पाउन सकेका छैनन् । यही स्रोत पाउन धेरै संघर्ष गर्दासम्म पनि पाइरहेको अवस्था छैन भने कार्बन सञ्चितिबाट प्राप्त रकम कसरी पाउन सक्लान् भन्ने चर्चा धेरै ठाउँमा चल्ने गरेको छ ।

कतिपय सामुदायिक वनहरुमा समुदायका दलित र विपन्नहरु उपभोक्ता सदस्य हुनबाट सम्म वञ्चित छन् । सामुदायिक वन उपभोक्ता समूहले राखेको चर्को सदस्य शुल्क, वन पैदावारको चर्को मूल्य तिर्न नसकेर सामुदायिक वनबाट फाइदा लिन सकेको अवस्था छैन भने विद्यमान सामाजिक संरचना र सामुदायिक सम्पत्तिमा कानुनी रुपले पूर्ण अधिकार पाएका तर व्यावहारिक रुपमा नजानिंदो तरिकाबाट वञ्चित समुदायका विपन्न र दलितवर्गले रेडको फाइदा पाउलान् त भन्ने कुराको सेरोफेरोमा रहेर यो लेख तयार पार्ने जमर्को गरिएको छ । विशेषगरी यस लेखमा रेड के हो ? यसबाट गरिब तथा दलितहरुले के फाइदा वा बेफाइदा बेहोर्नुपर्ला ? समुदायको रेडप्रतिको बुझाइ के छ, रेडबाट फाइदा पाउनका लागि देखिएका अप्ठ्यारा के के छन् भन्ने विश्लेषण गर्न खोजिएको छ ।

## रेड के हो ?

रेड भनेको वनको विनाश र क्षयीकरणलाई रोकेर कार्बन उत्सर्जन घटाउनु हो । वन विनाश र हैसियतको ह्रासले जलवायु परिवर्तनमा नकारात्मक भूमिका खेलिरहेको छ । वन विनाश र हैसियतमा आउने ह्रासलाई मात्र रोक्न सकेमा हरितगृह ग्यासको उत्सर्जनमा करिब २० प्रतिशतले कमी ल्याउन सकिन्छ भन्ने कुरामा वातावरणविद्हरु सहमत छन् । रुखबिरुवाले वायुमण्डलमा भएको मुख्य हरितगृह ग्यास (कार्बन डाइअक्साइड)लाई सोसेर काठमा परिणत गर्दछ अर्थात् जति रुखबिरुवा बढाउँदै गयो-त्यति नै बढी वायुमण्डलमा भएको कार्बन डाइअक्साइड काठमा परिणत हुन्छ । काठको सञ्चिति भनेको कार्बनको सञ्चिति हो । यसर्थ वनको संरक्षण,

बृद्धि, विकास तथा दिगो व्यवस्थापन गरेमा यसले पृथ्वीको तामक्रमलाई बढ्न नदिन महत्वपूर्ण भूमिका खेल्छ । यसले वनको संरक्षण, बृद्धि विकास र दिगो व्यवस्थापन गरेबापत हरितगृह ग्यास बढी फ्याँक्ने खासगरी विकसित राष्ट्रहरुले क्षतिपूर्तिस्वरुप आर्थिक सहयोग दिने प्रावधानका बारेमा विभिन्न अन्तर्राष्ट्रिय सम्मेलनहरुमा सहमतिका लागि प्रयासहरु भएका छन् । डेनमार्कको कोपेनहेगन सहरमा सम्पन्न सम्मेलन (COP-15) ले यो प्रावधानलाई निरन्तरता दिने सहमति गरेको छ । यसरी वन विनाशमा रोकथाम, संरक्षण र बृद्धि विकास गरी सञ्चिति बृद्धिगरेबापत पाउने क्षतिपूर्तिको प्रावधानलाई समग्र रुपमा रेड प्लस भन्ने गरिन्छ ।

सैद्धान्तिक रुपमा हेर्दा रेड प्रक्रियाबाट नेपाली ग्रामीण समुदायमा घाटा नै होला भन्न सकिंदैन । जति वनको विनाश रोकिन्छ र हैसियतमा बृद्धि हुन्छ त्यति नै हाम्रो जस्तो कृषिमा आधारित देशका जनतालाई रेडबाट प्रत्यक्ष फाइदा पुग्छ । तर जलवायु परिवर्तनको मुख्य कारकतत्व कार्बन उत्सर्जन विकासोउन्मुख मुलुकले गरेको वन फडानीले गर्दा हो भन्ने तर्क सही मान्न सकिन्न किनकि विकसित मुलुकका आर्थिक गतिविधिहरु नै यसका निम्ति प्रमुख रुपमा जिम्मेवार छन् । रेडले कार्बन उत्सर्जनलाई घटाउनुका अतिरिक्त गरिबी न्यूनीकरण, जीविकोपार्जन, जैविक विविधताको संरक्षण, सामाजिक आर्थिक उन्नति, पर्यावरण विकास र जलवायु परिवर्तनबाट देखिएका असरहरुलाई समेत न्यून गर्ने देखिन्छ । यसैगरी रेडबाट एकातिर वनले ग्रामीण समुदायहरुको उल्लेखित आवश्यकता पूरा गर्नुछ भने अर्कोतिर वातावरणको संरक्षण तथा हाम्रा आगामी पुस्ताका लागि वनजंगल जोगाउन र यसको बृद्धि तथा विकास गर्न अत्यन्त जरुरी छ । यसैगरी वनको संरक्षण र विकास गरेमा स्थानीय आवश्यकता पनि पूरा हुन सक्छ । सञ्चित वनबाट विदेशी मुद्रा पनि आर्जन गर्न सकिन्छ । कति वन क्षेत्र कायम राख्ने, वनको सञ्चिति कति राख्ने, स्थानीय आवश्यता कसरी पूरा गर्ने, कति सञ्चितिको लागि रेड प्रक्रियामा जाने, लाभको वितरण कसरी गर्ने भन्ने योजना वनका उपभोक्ताहरु, वनविज्ञ, नीतिनिर्माताहरु र सरोकारवाला संघसंस्थाको संयुक्त पहलमा गर्नुपर्ने हुन्छ । यसरी सैद्धान्तिक दृष्टिकोणले हेर्दा सबै फाइदै फाइदा छन् ।

## गरिब तथा दलितका लागि हात लाग्यो शून्य

रेडबाट समुदायका विपन्न र दलितवर्गलाई अहिलेको सामाजिक संरचना र व्यवहारबाट फाइदा हुन सक्ने अवस्था पक्कै छ त ? नेपालमा वन विनाशको क्रमलाई रोक्न तथा यसको दिगो व्यवस्थापन गर्ने विभिन्न तरिकामध्ये सामुदायिक वन पद्धति सफल रहेको कुरा विगत २५ वर्षदेखिको अनुभवले देखाएको छ र यसैको अनुसरण विश्वका अन्य केही राष्ट्रहरुले पनि गर्न थालेको अवस्था छ । विश्वमा नेपाल सामुदायिक वनको देश भनेर आफ्नो पहिचान बनाउन सफल भएको छ । वन विनाश र क्षयीकरणको न्यूनीकरणमा सामुदायिक वनले ठूलो भूमिका खेलेको तथ्य सबैले स्वीकारेको कुरा हो । यसको मूल कारण भनेको सामुदायिक वन उपभोक्ता समूहहरु स्वशासित, अविच्छिन्न उत्तराधिकारवाला, सुसंगठित तथा संस्थागत र संरचनात्मक रुपमा सवल भएर नै हो । तर सामुदायिक वनको नीति र वन समूहहरुका गातिविधिहरुले वनको अवस्था सुधार गर्न, हरियाली जोगाउन बढी केन्द्रित देखिन्छन् । यसबाट गरिबी न्यून गर्न, सामाजिक समावेशीकरणको मुद्दालाई कमै मात्रामा ध्यान दिएको पाइन्छ । सामुदायिक वनले गर्दा गरिब, दलितहरुको अवस्था झन नाजुक बनाएको कुरा विभिन्न अध्ययनले देखाएका छन् । सामुदायिक वनको सदस्यतामा चर्को शुल्क, वन पैदावारको महँगो दर, वन प्रवेशमा निषेध, भेडाबाखा, गाईवस्तु चराउन बन्द, दाउरा, घाँसमा सीमित समयमा वन खोल्ने, गोल बनाउन रुख काट्न नपाउनेजस्ता नियमहरुले गर्दा विपन्न र दलितहरुलाई सामुदायिक वन धेरै ठाउँमा एकादेशको

कथाजस्तो धेरै ठाउँमा भएको छ । कतिपयले आफ्नो पेशा नै छोडेको सम्मका कुराहरु आएका छन् । धेरै सामुदायिक वन उपभोक्ता समूहहरुमा सम्पन्नता स्तरीकरण गरेको पाइन्न । समाजका सबै वर्ग, क्षेत्रका उपभोक्ताहरुलाई एउटै आँखाबाट हेर्ने गर्नाले पनि पहूँचवाला र पैसावालाहरुले सामुदायिक वनबाट प्राप्त प्रतिफल बढी लिएको पाइन्छ ।

हाम्रो सामाजिक संरचना नै एकै किसिमको छैन यहाँ धनी-गरिब, पुरुष-महिला, कथित माथिल्लो जात तल्लो जात, स्रोतबाट नजिक-टाढा, पढेका-नपढेका आदिबीच ठूलो खाडल छ । सामुदायिक वनको

यस्तो परिवेशमा रेडबाट कसले फाइदा लिन सक्लान् र को मारमा पर्ला भन्ने कुराको सोझै अनुमान गर्न सकिन्छ (बक्स १ र २ मा हेर्नुहोस्) । जलवायु परिवर्तन होस् या वनको विनाश- त्यसको प्रत्यक्ष असर समुदायका विपन्न वर्गमाथि पुग्ने गर्दछ । जोखिमपूर्ण ठाउँहरु जस्तै खोलाको किनार, जंगलको छेउ, बढी भिरालो ठाउ, रुखोपाखो जमिनमा गरिब तथा दलितहरुको बढी मात्रामा बसोबास रहेको छ । त्यसकारण रेडबापत आएको रकम पनि यहीं संरचनाबाट जाने हो भने समाजका दलित, विपन्नहरुलाई हात लाग्यो शून्यमात्र होला भन्ने त्रास छ ।

**बक्स १: रेडबाट कसलाई फाइदा होला ?**

- रेडसम्बन्धी कन्सल्टेन्सी गर्नेलाई
- ठूला ठूला एनजीओलाई
- अध्ययन/अनुसन्धान गर्नेहरुलाई
- उच्च तथा धनी वर्गलाई

**बक्स २: रेडबाट कसलाई मार पर्ला ?**

- वनमा आश्रित गरिबवर्गलाई
- महिलालाई
- दलितवर्गलाई
- आदिवासी जनजातिलाई

निर्णायक तहमा हेर्दा समाजमा धनी, पुरुष, पढेका, माथिल्लो जातका, स्रोतबाट नजिकहरु नै बढी छन् । नेपाली समाजको संरचना र स्रोतको बाँडफाँड प्रक्रियाको तालमेल मिलेको पाइन्न । जात, लिंग, वर्ग र क्षेत्रको हिसाबले फरक समाजमा स्रोतको वितरण गर्दा यस्ता कुराको वास्ता नगरी जसको जे पहुँच पुग्छ त्यसैअनुसारले निर्णय गरेको परिस्थिति छ । संरचनात्मक रुपमा हेर्दा वनप्रतिको चाहना, वन व्यवस्थापनका प्राथमिकता, आवश्यकता फरक फरक रहेको हुन्छ । तर समुदायमा जसको बाहुल्य छ त्यसैको बोलवाला रहेको धेरै स्थानमा देखिन्छ । जस्तै : बाहुन र क्षेत्रीमध्ये कुनै एकमध्ये जसको बाहुल्य छ त्यसैको निर्णायक भूमिका रहेको पाइन्छ । यसले गर्दा पनि सीमान्तकृत समुदाय स्रोतबाट जहिले पनि वञ्चित रहेको देखिन्छ ।

त्यसैगरी नेपालमा हाल चलिरहेको रेड प्रक्रिया र अहिलेसम्मका परिणामलाई सरसर्ती हेर्दा रेड प्रक्रिया केन्द्रीकृत ढंगले अघि बढिरहेकोले वनमा आश्रित विपन्न तथा दलितवर्गको निर्णय प्रक्रियामा भूमिका नदेखिनु, रेडका लागि चर्को व्यवस्थापकीय खर्च (Transaction costs) ले गर्दा समुदायमा पुग्ने फाइदामा कमी हुने प्रबल सम्भावना रहनु, कमजोर भूमि स्वामित्व प्रणाली आदिले गर्दा पनि विपन्न तथा दलितवर्गले न्यायोचित फाइदा पाउलान् भन्न गाह्रै छ ।

## निष्कर्ष: विपन्नमुखीका लागि सम्भावित बाटो

रेड जलवायु परिवर्तन कम गर्ने एक प्रमुख प्रणालीको रूपमा अगाडि बढिरहेको छ । रेडउपर बहस चलेदेखि नै वनमा आश्रित गरिब, दलित एवं अन्य सीमान्तकृत समुदायको निर्णय प्रक्रिया तथा

वनस्रोतमा पहुँच कम हुन सक्ने, यसबाट प्राप्त हुने आर्थिक लाभ यी समुदायमा नपुग्ने खतरा र समग्रमा रेडको मूल उद्देश्य नै खतरामा पर्ने हो कि भन्ने शंका टड्कारो रुपमा उठ्दै आइरहेको छ ।

रेडलाई सफल मान्न खासगरी गरिब, दलित एवं वनमा भरपर्ने सीमान्तकृत वर्गको हित रक्षा गर्ने कुरामा कति योगदान पुऱ्यायो भन्ने कसीबाट नै दाँजिनुपर्दछ । नेपालमा पनि रेडको परीक्षण कार्यक्रम अघि बढिरहेको छ । यस सन्दर्भमा रेडलाई विपन्न र दलितमुखी बनाउने कुरा प्रमख हुन आउँछ । यसका लागि हाल चलिरहेको नीति प्रक्रियाबाट प्राप्त अवसरलाई उपयोग गर्दै रेड संरचना र संयन्त्रहरूलाई विपन्न तथा दलितमुखी बनाउने, यसबाट न्यायोचित आर्थिक फाइदा लिन एवं आफ्ना अधिकारको रक्षा गर्नका लागि गरिब र दलित समुदाय तथा अन्य सरोकारवालाहरूको क्षमता अभिवृद्धीकरणमा ध्यान केन्द्रित गर्नु जरुरी देखिन्छ । यसबाहेक नेपालको सन्दर्भमा रेडलाई गरिब तथा दलितमुखी बनाउन निम्न सवालहरु ख्याल राख्नुपर्ने देखिन्छ-

- सामुदायिक वन समूहरुबाट वञ्चित भएका गरिब तथा दलितवर्गलाई समाहित गर्ने ।
- गरिब तथा दलित समुदायको निर्णय प्रक्रिया तथा वनस्रोतमाथिको पहुँच बढाउने ।
- स्वामित्व प्रणालीमा सुधार ल्याउँदा त्यसलाई गरिब तथा दलित मैत्री बनाउने ।
- रेडको संरचना तथा संयन्त्रहरुमा गरिब तथा दलित समुदायको सहभागिता सुनिश्चित गर्ने ।
- व्यवस्थापकीय खर्च (Transaction costs) घटाउने उपाय खोजी गर्दै रेडको आर्थिक लाभ गरिब तथा दलित समुदायमा बढीभन्दा बढी पुग्ने गरी लाभांश वितरण प्रणालीको विकास गर्ने ।
- वनमा असीम रुपमा आश्रित समुदायको अत्यावश्यक वन पैदावारमा पहुँच नघटाई क्रमशः यी समुदायको लागि वैकल्पिक जीविकोपार्जनका उपायहरुको खोजी गर्ने ।
- रेडबाट गरिब तथा दलितवर्गलाई बढी फाइदा पुऱ्याउन कस्ता संरचना, संयन्त्र तथा लाभांश वितरण प्रणालीका आवश्यकता पर्छ ? थप अध्ययन अनुसन्धान गर्ने ।

## सन्दर्भ सामग्रीहरु


Peskett, L, Huberman, D, Bowen-Jones, E, Edwards, G and Brown, J 2008, Making REDD Work for the Poor, Final report prepared for the Poverty Environment Partnership.

PEP 2007, Making REDD work for the poor: The socio-economic implications of mechanisms for Reducing Emissions from Deforestation and Degradation, Policy Brief, Poverty Environment Partnership.

Phelps, J, Webb, EL and Agrawal, A 2010, ‘Does REDD+ threaten to recentralize forest governance’, Science, vol. 328, p. 312-313.


●●●


* *भण्डारी हाल फरेष्टएक्सन नेपालमा कार्यरत हुनुहुन्छ*

** *सुनाम फरेष्टएक्सन नेपालमा कार्यरत रही नेपालको वन नीति र जलवायु परिवर्तनका क्षेत्रमा अध्ययन अनुसन्धान गरिरहनुभएको छ ।*

*** *परियार प्राकृतिक स्रोतमा दलित अधिकार विषयका अधिकार कर्मी हुनुहुन्छ ।*